नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४, ५९१६४३५
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०८०/०८१
चलानी नं. :- ४४२

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मितिः २०८०/१२/२१

विषयः आशयपत्र सम्बन्धमा।

श्री प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्,
सानोठिमी भक्तपुर।

प्रस्तुत विषयमा त्यहाँ परिषद अन्तर्गत चिकित्सा शिक्षा सम्बन्धी प्रमाणपत्र तहका कार्यक्रम सन्चालन गर्न इच्छुक शिक्षण सस्थाहरुको आशयपत्रका लागि त्यहाँ परिषदबाट विभिन्न मितिमा सिफारीश भई आएका तपसिलका शिक्षण संस्थाहरुलाई देहायका कार्यक्रम सञ्चालनार्थ आशयपत्र दिने गरी चिकित्सा शिक्षा आयोगको मिति २०८०/१२/०९ को वैठकबाट निर्णय भएकोले सम्बन्धित कार्यक्रमको लागि आवश्यक शर्तहरु तोकी आशयपत्र प्रदानको पत्र त्यहाँ परिषदबाट नै प्रेषित गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

तपसिल

क) गैर नाफामूलक संस्थाहरु:

| क.स. | शैक्षिक संस्थाको नाम | ठेगाना | जिल्ला | कार्यक्रमको नाम (प्रमाणपत्र तह) |
|---|---|---|---|---|
| १ | चन्द्र नारायाण यादव मेमोरियल ट्रष्ट | सिराहा नपा-१, माडर | सिराहा | सामान्य चिकित्सा, |
| २ | ए.पि.एफ. नेपाल इन्स्टिच्यूट अफ हेल्थ साइन्सेज | चन्द्रागिरी न.पा, बलम्बु | काठमाडौं | नर्सिङ |
| ३ | विमल स्मृति प्रतिष्ठान | विरेन्द्रनगर,नपा-८ | सुर्खेत | फार्मेसी, |
| ४ | श्री शहिद राम वृक्ष नागरिक बहुप्रविधिक शिक्षालय | धनगढी उपमहानगरपालिका-४ | कैलाली | फार्मेसी |

ख) प्रिडिप्लोमा कार्यक्रम चलाइसकेका निजी लगानीका संस्थाहरु:

| कसं | संस्थाको नाम | ठेगाना | कार्यक्रमको नाम ( प्रमाण पत्र तह) |
|---|---|---|---|
| १ | दमक इन्टिच्यूट अफ टेक्नोलोजी प्रा लि | दमक, झापा | मेडिकल ल्याव टेक्नोलोजी |
| २ | लहान पब्लिक टेक्निकल प्रा लि | धनगढीमाइ ११,सिरहा | सामान्य चिकित्सा |
| ३ | कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा. लि | का म न पा पा १६, बालाजु | मेडिकल ल्याव टेक्नोलोजी |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४, ५९१६४३५
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

पत्र संख्या :-
चलानी नं. :- ८८९

ग) निजी लगानीका नयाँ संस्थाहरुः

| क्र.सं. | शैक्षिक संस्थाको नाम | ठेगाना | जिल्ला | कार्यक्रमको नाम (प्रमाणपत्र तह) |
|---|---|---|---|---|
| १ | नवजीवन हेल्थ होम प्रा.लि | विराटनगर मनपा -४, एयरपोर्ट मोड | मोरङ | फार्मेसी,<br>फिजियोथेरापी |
| २ | गोल्डेन हस्पिटल प्रा.लि | विराटनगर मनपा-७ | मोरङ | नर्सिङ,<br>सामान्य चिकित्सा<br>फार्मेसी, |
| ३ | विजय टेक्निकल कलेज प्रा.लि | धनकुटा नपा-६ | धनकुटा | फार्मेसी, |
| ४ | विएचसी मेडिकल कलेज | विरगञ्ज मनपा-१४, बहुअरी | पर्सा | नर्सिङ,<br>सामान्य चिकित्सा,<br>फार्मेसी |
| ५ | गण्डक हस्पिटल प्रा.लि. | विरगञ्ज मनपा-१४, गण्डक चोक | पर्सा | नर्सिङ,<br>सामान्य चिकित्सा,<br>फार्मेसी, |
| ६ | जानकी एकेडेमीक हस्पिटल प्रा.लि. | रामगोपालपुर नपा-९ | महोत्तरी | नर्सिङ,<br>सामान्य चिकित्सा<br>फार्मेसी, |
| ७ | वर्दिवास जनसेवा प्राविधिक शिक्षालय प्रा.लि. | वर्दिवास नपा-३, गौरिडाँडा | महोत्तरी | फार्मेसी,<br>नर्सिङ,<br>सामान्य चिकित्सा |
| ८ | सेन्ट्रल हस्पिटल प्रा.लि. | लक्ष्मिनियाँ गापा -६ | जनकपुर धाम, धनुषा | सामान्य चिकित्सा,<br>फार्मेसी<br>डिप्लोमा इन रेडियोग्राफी |
| ९ | रामजानकी टेक्निकल एकेडेमी प्रा.लि. | जनकपूरधाम उमनपा-४ | धनुषा | फार्मेसी |
| १० | जिनिस हस्पिटल प्रा.लि | सुरुङ्गा नपा-५ ,चोक | ससरी | नर्सिङ,<br>, सामान्य चिकित्सा,<br>फार्मेशी |

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

☎ { ०१-६६३१४१६, ६६३८९०४, ५९१६४३५
६६३१४१३, ६६३१४१४, ६६३१४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :- ४५२

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

सानोठिमी, भक्तपुर ।

| | | | | |
|---|---|---|---|---|
| ११ | त्रिशुली मेडिकल कलेज | विदुर नपा-४, विदुर | नुवाकोट | मेडिकल ल्याव टेक्नोलोजी,<br>फार्मेसी, |
| १२ | भरतपुर सेन्ट्रल हस्पिटल | भरतपुर मनपा-१० | चितवन | फार्मेसी |
| १३ | जानकी ग्लोवल इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी | भरतपुर मनपा -४ | चितवन | फार्मेसी, |
| १४ | मिड वेस्टर्न कलेज अफ साइन्स एण्ड टेक्नोलोजि प्रा.लि | विरेन्द्रनगर, नपा-४ | सुर्खेत | फार्मेसी, |
| १५ | माया मेट्रो हस्पिटल प्रा.लि | धनगढी उमनपा-३ चटकपुर | कैलाली | नर्सिङ,<br>सामान्य चिकित्सा,<br>फार्मेसी, |

माथि उल्लेखित शिक्षण संस्थाहरुलाई आशयपत्र दिने क्रममा देहाय बमोजिम हुन समेत अनुरोध छः-

१. तोकिएको विषय र कार्यक्रम संचालनका लागि निर्धारित मापदण्ड र आवश्यक शर्त तोकी त्यहाँ परिषदबाट नै आशयपत्र प्रदान गर्ने।

२. उल्लिखित शिक्षण संस्थाहरुले आवश्यक भौतिक, प्राज्ञिक, तथा शैक्षिक पूर्वाधार पूरा गरेको भए सम्वन्धन दिनुपर्ने विषय / कार्यक्रम खुलाई त्यहाँ परिषदबाट निर्णय गराई आयोगमा सम्वन्धन सिफारिशका लागि लेखी पठाउने।

३. समय सीमा तोकी सम्वन्धन सिफारिश लिन चाहने शिक्षण संस्थाबाट देहाय बमोजिमका कागजात परिषदमा पेश गर्न लगाइ परिषद कार्यलयले नै संकलन गर्ने।

क. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ को अनुसूची (३) बमोजिमको निवेदन,

ख. सम्वन्धन लिन चाहेको विषय/कार्यक्रम मध्ये प्रति कार्यक्रमको रु १०,०००/-(अक्षरुपी दश हजार) का दरले आयोगको खाता रहेको हिमालयन वैंकको हिसाव नम्वरः ०४३०८९३१६७००१७ मा सम्वन्धन सिफारिश शुल्क बुझाएको वैंक भौचरको सक्कल प्रति,

ग. उल्लिखित शर्तहरु पूरा भएको खुल्ने कागजातहरु,

घ. आफ्नै अस्पताल हुनु पर्नेको हकमा अस्पतालको विवरण/ अस्पताल आवश्यक पर्नेको हकमा प्रयोगात्मक अभ्यासका लागि अस्पतालसँगको संम्झौतापत्र

ङ. शिक्षण संस्थाको स्वमूल्यांकन प्रतिवेदन वा परिषदले तोकेको ढाँचामा भौतिक, प्राज्ञिक र शैक्षिक पूर्वाधारको विवरण।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४, ५९१६४३५
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :- ०७८।७९
चलानी नं. :- ४४२

सानोठिमी, भक्तपुर ।

४. परिषदले बुँदा नं ३ अनुसारका कागजात प्राप्त भएपछि परिषदबाट गरिएको अनुगमन निरीक्षण प्रतिवेदनको आधारमा सम्बन्धन दिनुपर्नेका हकमा उपरोक्त बुँदा नं ३ को खण्ड (क) र (ख) बमोजिमका कागजातहरु र निरीक्षण प्रतिवेदनको सिफारिश समेत संलग्न गरी परिषदको सम्बन्धन सहमति पत्र सहित आयोगमा पठाउने।

५. सम्बन्धन लिन चाहने शिक्षण संस्थाले परिषदले तोकेको शर्त बन्देज पालना गर्नुका साथै आयोग र परिषदले निरीक्षण/सुपरीवेक्षण पश्चात राय सुझाव समेत पालना गर्नुपर्ने छ।

६. आशयपत्र, सम्बन्धन र प्रत्यायन सम्बन्धी आन्तरिक कार्यविधि २०७८, को दफा ४ को उपदफा २ मा "स्थापना भई संचालनमा रहेका र स्थापना हुने शिक्षण संस्थाले एक पटकमा तीनवटा कार्यक्रम सञ्चालनका लागि आवेदन गर्न पाइने छ" भनी उल्लेख भएकोले कुनै पनि शिक्षण संस्थालाई एकपटकमा ३ (तीन) वटा भन्दा बढी कार्यक्रमको लागि आशयपत्र ,सम्वन्धन सिफारिश नगर्ने/ नदिने ।

७. आशय पत्र माग गरिएको कार्यक्रममध्ये कुनै एउटाको मात्र पूर्वाधार पूरा भएको भए यस वर्ष सो कार्यक्रमको मात्र सम्बन्धन माग गर्ने र बाँकी कार्यक्रमको लागि आगामी वर्ष पूर्वाधार पूरा भएपछि मात्र सम्वन्धन सिफारिश माग गर्न सकिने छ।

८. सम्वन्धित शिक्षण संस्थाले आवश्यक भौतिक, प्राज्ञिक र शैक्षिक पूर्वाधार पूरा गरे वा नगरेको सम्वन्धमा आयोगको विज्ञद्वारा समेत अनुगमन गराई प्रतिवेदन लिन सकिने छ। विद्यार्थीको पढाई र प्रयोगात्मक अभ्यासको उचित प्रवन्ध नमिलाएका, तोकिएको अन्य मापदण्ड पूरा नगरेका र परिषद वा आयोगबाट खटिएका विज्ञ समूहले सिफारिश नगरेका संस्थालाई सम्वन्धन सिफारिस प्रदान नगरिने हुँदा सोही बमोजिम गर्नु गराउनु हुन ।

९. बोधार्थः-
माथि उल्लेखित शिक्षण सस्थाहरु सबैः- परिषदबाट आशयपत्र लिई यस पत्रमा उल्लेख भए अनुसार गर्नुहुन।

२०८०।१२।२१
(रुद्रप्रसाद रेग्मी)
उपसचिव